नेपाल सरकार
परराष्ट्र मन्त्रालय

# राहदानी विभाग

नारायणहिटी, काठमाण्डौ

## प्रेस विज्ञप्ति

विगत केही दिनदेखि राहदानी विभागबाट प्रवाह हुने सेवाको बारेमा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक लगायत केही पत्रपत्रिकाहरूमा "हास्यास्पद नियम: पासपोर्ट बनाउन कपालमा जुत्ताको कालो पालिस" शिर्षक समेत राखी प्रकाशित समाचारप्रति यस विभागको ध्यानाकर्षण भएको छ । विभागले सेवाग्राहीहरूलाई राहदानी जारी गर्ने क्रममा यसको विश्वसनीयता र गुणस्तर अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को मापदण्ड बमोजिम तुल्याउने प्रयास गर्दै आएको छ।

राहदानी वाहकको विदेश यात्रा झन्झट मुक्त राख्नका लागि उल्लिखित मापदण्ड, प्रचलित राहदानी नियमावली तथा व्यवहारिक पक्षलाई ध्यान दिई फोटोमा व्यक्तिको प्राकृतिक स्वरुप देखियोस् भनी अप्राकृतिक रङ्ग लगाई कपाल रातो भएका सेवाग्राहीहरुलाई कर्मचारीहरुले आफ्नो कपालको प्राकृतिक रङ भएको फोटो खिच्न सुझाव दिएको हुनसक्छ तर अनिवार्य कालो लगाउन बाध्य पारिएको भन्ने कुरा सत्य होइन । विदेश यात्राको क्रममा आइ पर्न सक्ने सम्भावित झण्झटलाई न्युनीकरण गर्ने स्वच्छ उद्देश्यबाट मात्र उक्त अनुरोध गर्ने गरिएको हो । यस अलावा, विभाग परिसरभित्र रहेको नेपाल प्रहरीले कालो पालिस पनि सेवाग्राहीको अनुरोधमा नै उपलब्ध गराएको बुझिएको छ। यथार्थ भन्दा पर गई समाचार प्रकाशित भएकोमा विभाग दु:ख व्यक्त गर्दछ।

साथै, अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन(ICAO) को मापदण्ड तथा प्रचलित नेपाल कानूनमा समेत स्पष्ट उल्लेख नभएको कपालको रङ्ग सम्बन्धमा सेवाग्राहीहरुलाई सुझाव नदिन तथा कुनै पनि किसिमको रङ्ग विभाग परिसरभित्र उपलब्ध नगराउन कर्मचारी तथा सम्बन्धित सुरक्षाकर्मीलाई निर्देश गरिएको व्यहोरा समेत विभाग सम्बन्धित सबैलाई जानकारी गराउन चाहन्छ।

राहदानी विभाग
२०७५।९।८

राहदानी विभाग, नारायणहिटी, काठमाण्डौ,फोन ४४१६०११-१५ फयाक्स ००९७७-१-४४२४३६६